annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ७१ पृष्ठ ८ | काठमाडौं, बुधबार २६ असार २०८१ | आषाढ शुक्लपक्ष पञ्चमी, नेपाल संवत् ११४४ | WEDNESDAY, JULY 10, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# ज्यानै लिने पोखरीहरू

## ३ वर्षमा डुबेर ४८१ जनाको मृत्यु, २८७ बालबालिका

मधेस प्रदेशमा जथाभावी खनिएका पोखरी र खाल्डाखुल्डीहरूले बर्सेनि सयौंको ज्यान लिने गरेको छ। यस्ता मृत्युको जवाफदेहिता कानुनतः न कसैले लिने गरेको छ। न त यसको न्यूनीकरणका लागि हालसम्म कुनै प्रयास नै भएका छन्। गर्मी छल्न बनाइने यस्ता असुरक्षित आहाल-पोखरीमा पौडी खेल्न जाँदा बालबालिका डुब्छन्। तिनको ज्यानै जाने गरेको छ। गएको ३ वर्षमा मधेस प्रदेशका विभिन्न पोखरीमा डुबेर ४८१ जनाको ज्यान गएकामा २ सय ८७ जना बालबालिका परेका छन्।


| ३ वर्षभित्र डुबेर मृत्यु भएकाहरूको विवरण | आव २०७८/०७९ | | आव २०७९/०८० | | आव २०८०/०८१ असार २० गते सम्म | |
|---|---|---|---|---|---|---|
| | मृत्यु | घाइते | मृत्यु | घाइते | मृत्यु | घाइते |
| बालबालिका | १०९ | ३ | ६५ | १ | ११३ | ७ |
| महिला | २१ | ० | ९ | ० | १४ | ० |
| पुरुष | ७६ | २ | ३१ | ० | ४३ | ४ |
| जम्मा | २०६ | ५ | १०५ | १ | १७० | ११ |

*स्रोत : मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधाम।*

समाचार पृष्ठ २

मनिका झा | *जनकपुरधाम*

– को रिपोर्ट



# खेर गइरहेको बाँझो जग्गामा सुन फल्छ



निरज तुलाचन

इजलास

देशको युवाशक्ति एकपछि अर्को गर्दै विदेश पलायन भइरहँदा मलाई चिन्ताले सताउँछ। म हाम्रै देशमा बसेर यहाँको प्रचुर सम्भावनालाई पछ्याउँदै भविष्य खोजिरहेको छु। म अहिलेका युवाजस्तै आफ्नो भविष्य खोज्न जापानतिर छिरेको थिएँ। तर, जापानको रोजगारीले पटक्कै सन्तोष दिन सकेन। त्यसपछि आफ्नै थाकथलो मुस्ताङ फर्किएँ। मेरो बाजे बुबाले यहीँ कृषि कर्म गर्नुभयो। म तेस्रो पुस्ता हुँ। गाउँको कृषि कर्ममा लाग्न अहोरात्र मेहनत र परिश्रम गरिरहेको छु। मुस्ताङमा कृषि र पर्यटनको प्रचुर सम्भावना छ। यही सम्भावनालाई आत्मसाथ गर्दै २०७६ सालमा व्यावसायिक कृषि स्याउ फार्म दर्ता गरेँ।

मुस्ताङमा आधुनिक र वैज्ञानिक स्याउ खेती गर्ने उद्देश्यले कृषि विज्ञ मदन राईसँग काठमाडौं पुगेर परामर्श लिएँ। मैले भारतको हिमाञ्चल प्रदेशका विभिन्न स्याउ फार्ममा पुगेर एक महिनासम्म स्याउको विस्तृत अध्ययन गरेँ।

म दैनिक ८ घण्टा कृषि कर्ममा खट्छु। ४ जनालाई स्थायी रोजगारी दिएको छु। स्याउ बगैंचा व्यवस्थापन र स्याउ टिप्ने सिजनमा केहीलाई अल्पकालीन रोजगारी दिने गर्छु। मसँग २ सय ५० भन्दा बढी स्थानीय र ४ हजारभन्दा बढी बोट उच्च घनत्वका स्याउ छन्। थप ४ हजार स्याउ बिरुवा लगाउने योजनामा छु। वार्षिक ६० मेट्रिक टन स्याउ फलाउँछु। खेर गएको बाँझो जग्गामा लटरम्म स्याउ फलेको देख्दा निकै आनन्द लाग्छ।

स्याउ फार्म खोलेर निरन्तर लागिरहेको छु। जिल्लाको अधिकांश कृषकहरू पनि म जस्तै स्याउ खेतीमै रमिरहेका छन्। मेरो मेहनत र परिश्रमको उच्च मूल्यांकन गर्दै हालै जिल्ला र प्रदेश सरकारबाट पनि उत्कृष्ट कृषकको रूपमा पुरस्कृत र सम्मानित हुने मौका पाएँ। यसले मलाई थप कृषि कर्ममा लाग्ने हौसला र प्रोत्साहन मिलेको छ। स्वदेशमा भविष्य छैन भन्नेहरूका लागि म प्रेरणाको स्रोत बन्न सक्छु कि भन्ने लागेको छ।

*(तुलाचन आईपीएम एप्पल फार्म, टुकुचे, मुस्ताङका सञ्चालक हुन्।)*

### डेडिकेटेड तथा ट्रंकलाइन विवाद

# प्राधिकरणले काट्न थाल्यो उद्योगको लाइन

सुनिता कार्की | *काठमाडौं*

नेपाल विद्युत् प्राधिकरणले डेडिकेटेड तथा ट्रंकलाइनको बक्यौता तिर्न अटेरी गर्ने उद्योगहरूको लाइन पुनः काटेको छ। प्राधिकरणले मंगलबार रातिबाट ३ उद्योगको लाइन काटेको हो। डेडिकेटेड तथा ट्रंकलाइनको बक्यौता भएका उद्योगहरूको लाइन काट्न सुरु गरेको प्राधिकरण स्रोतले जनाएको छ।

प्राधिकरणले रिलायन्स स्पिनिङ मिल, घोराही सिमेन्ट र अर्घाखाँची सिमेन्टको विद्युत्को लाइन काटेको छ। प्राधिकरणले यही असार ९ गते १५ दिनको अल्टिमेटमसहित बक्यौता तिर्न सम्बन्धित ६१ उद्योगीलाई पत्रचार गरेको थियो। प्राधिकरणले लाल आयोगको सिफारिसबमोजिम २०७२ माघदेखि २०७५ वैशाखसम्मको करिब ६ अर्ब ६० करोड रुपैयाँ बक्यौता १५ दिनभित्र बुझाउने गरी सम्बन्धित उद्योगहरूलाई पत्र पठाएको थियो। उद्योगीहरूले के आधारमा बक्यौता रकम पठाएको भनी प्रतिपत्र प्राधिकरणलाई पठाएका थिए।

प्राधिकरणले दिएको अल्टिमेटमको अवधि असार २४ गते(सोमबार) सक्किएसँगै मंगलबारबाट लाइन काट्न सुरु गरेको हो। बक्यौता नतिर्ने उद्योगीहरूको लाइन काटिदै जाने प्राधिकरण स्रोतले बताएको छ। प्राधिकरणका कार्यकारी निर्देशक




कुलमान घिसिङले अब नियमअनुसार अघि बढ्ने भन्दै सञ्चालक समितिको निर्णयअनुसार लाइन काट्ने अधिकार सम्बन्धित वितरण केन्द्रहरूलाई दिएको बताएका थिए।

उनले अब प्राधिकरणको नेतृत्वले भन्दा पनि सम्बन्धित वितरण केन्द्रले निर्णय लिने अन्नपूर्णसँगको टेलिफोन वार्तामा बताएका थिए। 'अब प्राधिकरण नियमअनुसार अघि बढ्छ। नियम भनेको सम्बन्धित वितरण केन्द्रले तोकिएको रकम उठाउनु भनेर बोर्डले भनिसकेको छ। अब वितरण केन्द्रले गर्छन् जे गर्छन्।' सरकारद्वारा गठित आयोग, मन्त्रिपरिषद्, विभिन्न समयमा विभिन्न समितिहरू लगायतले बक्यौता उठाउन भनेका छन् भन्दै घिसिङले प्राधिकरण बोर्डले पनि उठाउनलाई निर्देशन दिइसकेकाले अब अर्को निर्णय भन्ने नै नहुने बताएका थिए। नियमविपरीत गएको विद्युत् उपयोगको प्रमाण देखाउन उद्योगीहरूले माग गरिरहेको बेला प्राधिकरण भने एक्सनमा उत्रिएको हो।

प्राधिकरणले लाइन काटेका उद्योगमध्ये सबैभन्दा धेरै बक्यौता इटहरीस्थित रिलायन्स स्पिनिङ मिलको छ। उक्त उद्योगको करिब ७५ करोड ३७ लाख रुपैयाँ रहेको छ। अम्बुवा वितरण केन्द्रअन्तर्गतको अर्घाखाँची सिमेन्टको ४४ करोड ८६ लाख रुपैयाँ र नेपालगन्ज वितरण शाखा अन्तर्गतको घोराही सिमेन्टको करिब ५१ करोड रुपैयाँ बक्यौता उठेको छैन।

यसअघि पनि २०७६ चैत र २०८० पुसमा बक्यौता बाँकी रहेका उद्योगीहरूको प्राधिकरणले लाइन काटेको थियो। २०७६ सालमा कोभिडको कारण देखाउँदै सरकारले लाइन जोड्न लगाएको थियो। उक्त बक्यौता उठाउन प्राधिकरणले २०८० पुसमा पनि लाइन काटेको थियो। सरकारको दबाबपछि काटिएको २० दिनमा २३ उद्योगको लाइन जोडिएको थियो।

बाँकी पृष्ठ ६

